मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्याः २०८०।०८१ मितिः २०८०।११।०६

च.नं.: १५८२

**विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस २०८० सम्बन्धमा।**

श्री मन्त्रालय/सचिवालय/आयोग/ कार्यालय सबै,
मधेश प्रदेश।

प्रस्तुत विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौंको प.सं. २०८०/८१ च.नं. १४४१ मिति २०८०।११।०३ गतेको पत्रानुसार राष्ट्रिय प्रजातन्त्र दिवस २०८० भव्यताका साथ मनाउन राष्ट्रिय मूल समारोस समितिबाट निर्धारित कार्ययोजना सहितको कार्यक्रमको छाँया प्रति यसै साथ संलग्न गरी पठाईएको छ। विस्तृत व्यहोरा सोही कागजातहरुबाट अवगत गर्नुभई तहाँ मन्त्रालय/सचिवालय/आयोग/ कार्यालयहरुबाट कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

२०८०।११।०६

.................

मिथिलेश कुमार महतो
शाखा अधिकृत

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

(प्रेस तथा सूचना समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

दर्ता नं. ५५३८
मिति २०८०।११।०६
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मधेश प्रदेश

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं २०८०/८१
च.नं प्रेस /१४४१

मिति २०८०/११/०३

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस २०८० सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुर।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, राप्ति उपत्यका (देउखुरी)।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी ।

नेपालमा वि.सं २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरणमा मनाइँदै आएको "राष्ट्रिय प्रजातन्त्र दिवस" यस वर्ष पनि भव्यताका साथ मनाउन राष्ट्रिय प्रजातन्त्र दिवस,२०८० मूल समारोह समितिबाट निर्धारित कार्ययोजना सहितको कार्यक्रमको छाँया प्रति यसै साथ संलग्न गरी पठाइएको छ। कार्यक्रमको विस्तृत विवरण संलग्न कागजातहरुबाट अवगत गर्नुभई तहाँ कार्यालय तथा अन्तर्गतका/ सम्बन्धित सबै मन्त्रालय/ निकाय/कार्यालयहरूबाट समेत कार्यक्रम कार्यान्वयन गर्ने/ गराउने व्यवस्थाका लागि राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० प्रचार प्रसार उपसमितिको मिति २०८०/११/०२ को निर्णयानुसार अनुरोध छ।

श्री शा. अ./प्र.
११/०६

(लक्ष्मी कुमारी पन्त)
शाखा अधिकृत

**प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रम :**

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेशस्तरीय "राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति" गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन प्रदेशबासीहरुलाई अनुरोध गर्ने।

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा "राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति" गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन स्थानीयबासीहरुलाई अनुरोध गर्ने।

३. फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

५. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने। समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।